# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०४।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः आर्थिक वर्ष २०८१/८२ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आ.ब. २०८१।०८२ को बार्षिक समिक्षा कार्यक्रम मिति २०८२।०४।०८ र ०९ गते आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईको अध्यक्षतामा आयोगको सभाहलमा सम्पन्न भयो। कार्यक्रममा आयोगका माननीय आयुक्तहरु, सचिव, महाशाखा प्रमुखहरु, आयोग मातहत कार्यालयका प्रमुखहरु, आयोगका अनुसन्धान अधिकृतहरु र भर्चुअल माध्यमबाट आयोग मातहत कार्यालयका कर्मचारीहरुको सहभागीता भएको थियो। कार्यक्रममा आयोगको समग्र काम कारवाही, उजुरी प्राप्ति, छानबिन, अनुसन्धान, अभियोजन, नविनतम कार्यहरु र आयोगका सामु रहेका सवालहरुसहित आगामी कार्यदिशाका बारेमा छलफल भयो।

आर्थिक वर्ष २०८१/०८२ मा आयोगमा बिभिन्न माध्यमबाट प्राप्त भएका २८,५९७ उजुरीहरू र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८,४२९ उजुरीहरू समेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३७,०२६ रहेको छ। प्राप्त हुन आएका उजुरीहरुमध्ये संघीय सरकारसँग सम्बन्धित १२,४७५ (३३.६९ प्रतिशत), प्रदेश सरकारसँग सम्बन्धित ४,६१८ (१२.४७ प्रतिशत) र स्थानीय तहसँग सम्बन्धित १९,९३३ (५३.८४ प्रतिशत) रहेको छ।

आयोगमा उजुरी प्राप्त हुने बिभिन्न माध्यमहरु मध्ये सबै भन्दा बढी उजुरी आयोगको वेबसाइटबाट १०,२४५, लिखित निवेदनबाट १०,१८०, इमेलमार्फत ८,४८८, हुलाक सेवाबाट ५,५५५ समेत गरी अन्य माध्यमहरु टेलिफोन, भाइबर, फेसबुक, मोबाइल एप, समाचार पत्र, राष्ट्रिय सतर्कता केन्द्र र हेलो सरकार समेतबाट २,५५८ उजुरीहरु प्राप्त हुन आएको छ।

आयोगमा प्राप्त भएका ३७,०२६ कुल उजुरीमध्ये छानबिन तथा अनुसन्धानबाट २९,७०३ (८०.२२ प्रतिशत) उजुरी फछ्यौंट भएको र बाँकी ७,३२३ चालु आ.ब. मा जिम्मेवारी सरेर आएको छ। प्राप्त उजुरी मध्ये ६,७१५ बिभिन्न निकायमा आवश्यक कारबाहीको लागि लेखि पठाइएको र ५८६ सुझाबसहित कार्यान्वयनको लागि लेखि पठाइएको छ।

आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट ८१ वटा बैंठक बसी १३७ वटा मुद्दा दायर गर्नेसहित जम्मा १,४११ वटा निर्णयहरू भएका छन। विशेष अदालतमा १३७ वटा आरोपपत्र दायर भएकोमा कुल ७५३ जना प्रतिवादी बनाई रु. ५ अर्ब ९७ करोड ७३ लाख ८ हजार ८ सय ३८ रुपैयाँ बिगो मागदाबी लिइएको छ। ती मध्ये घुस/रिसवतसँग सम्बन्धित ३७ वटा, गैरकानुनी लाभ वा हानीसँग सम्बन्धित ३६ वटा, झुट्टा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानी नोक्सानीसँग सम्बन्धित २३ वटा, गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी ८ वटा, सम्पत्ति शुद्धीकरण

सम्वन्धी २ वटा र विविध विषयका ४ वटा रहेका छन। रंगेहात कारबाही (Sting Operation) २२ वटा भएकोमा ३३ जना व्यक्तिहरु नियन्त्रणमा लिई निजहरुबाट रु.५५,१०,०००/-रकम वरामद भएको छ।

आयोगबाट बिशेष अदालतमा दायर भएका मुद्दाहरुमध्ये आ.ब. २०८१।०८२ मा ३९५ वटा फैसला भएका छन्। प्राप्त फैसला मध्ये बिगत आर्थिक बर्षका २७६ वटा र आर्थिक बर्ष २०८१।०८२ का ११९ वटा फैसला रहेका छन्। बिशेष अदालतबाट आ.ब. २०८१।०८२ का ११९ वटा फैसलाहरुमा ६७.२३ प्रतिशत मुद्दामा कसुर स्थापित भएको छ। बिशेष अदालतबाट पूर्णपाठसहितको प्राप्त फैसलाहरूमध्ये आर्थिक वर्ष २०८१/८२ मा सर्वोच्च अदालतमा २५१ वटा पुनरावेदन गरिएको र ५ वटा मुद्दाहरु उपर पुनरावलोकन गरिएको छ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि आयोगबाट ३ वटा प्रदेशस्तरीय, १३ वटा जिल्लास्तरीय र १४३ वटा पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। आ.ब. २०८०।०८१ मा आयोगको चालु खर्च ६९.२२ प्रतिशत र पुँजीगत खर्च ६७.८३ प्रतिशत रहेको छ।

समिक्षा कार्यक्रममा आयोग र कार्यालयहरुबाट प्रस्तुत बार्षिक प्रगती प्रतिवेदन उपर समिक्षात्मक टिप्पणीसहित आयोगका माननीय प्रमुख आयुक्त, माननीय आयुक्तहरु र आयोगका सचिवबाट आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि गर्नुपर्ने नीतिगत एवं कानूनी सुधारका बारेमा प्रकाश पार्दै उजुरी व्यवस्थापन, अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाई भ्रष्टाचार न्यूनिकरण गर्न पाँचौ रणनीतिक योजनाले लिएका लक्ष्यहरु पुरा गर्नेतर्फ आयोगको आगामी कार्यदिशा रहने उल्लेख गर्नु भएको थियो।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल